ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २४१
२१ जेठ २०८० आइतबार
4 Jun. 2023, Sunday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## चुरे तथा नदी प्रणाली बचाउन जुटे पत्रकार



**खबर दर्पण समाचारदाता**

**जेठ २० गते, बर्दिवास**

चुरे तथा नदी प्रणाली संरक्षणका लागि सञ्चारकर्मी, सरकारी तथा सामुदायिक संस्थाहरूबीच सहकार्य हुने भएको छ । चुरे तथा नदी प्रणाली संरक्षण सरोकार समाजको महोत्तरीस्थित बर्दिवासमा आयोजित दुईदिने केन्द्रीय समिति बैठकपछिको उद्देश्यपत्र सार्वजनिक समारोहमा विषयगत क्षेत्रमा काम गर्ने संस्थाहरूले एक्यबद्ध भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

समाजद्वारा सार्वजनिक गरिएको प्रतिबद्धतापत्रमा अव्यवस्थित बसोबास, अनियोजित र अस्वाभाविक पूर्वाधार विकास, वनविनाश, वनपैदावारको अवैज्ञानिक दोहन, खेतीपाती, खोरिया फँडानी, पशुपालन आदि कारणले चुरे विनाश हुँदा पारिस्थितिकीय प्रणालीमा परेको प्रतिकूल असरप्रति सञ्चारकर्मीहरू गम्भीर रहेको उल्लेख छ । समाजका अध्यक्ष अनिलकुमार कर्णले चुरे तथा नदी प्रणाली अव्यवस्थित भएर उत्पन्न सङ्कटलाई आफूहरूले अत्यन्त नजिकबाट नियालिरहेको बताए । उनले भने, ‘तराईमधेसको जीवनअस्तित्व नै समाप्त हुनेगरी भइरहेको चुरेविनाश तथा चुरे भत्कँदाका परिणामस्वरूप खजमजिएको नदी प्रणालीका बारेमा हामी वकालत हुनेगरी निरन्तर लेख्ने कुरामा प्रस्ट छौं ।’

प्रतिबद्धतापत्रमा चुरे तथा नदी प्रणालीका विषयमा विद्यमान ऐनकानुन, सरकारहरूका नीति, कार्यक्रम, बजेट विनियोजन, कार्यान्वयन प्रक्रिया आदिलाई लिएर समाजले पहरेदारी गर्ने भनिएको छ । चुरे तथा नदीनालामा भइरहेका नदीजन्य पदार्थको अवैध उत्खनन् निरुत्साहित हुनेगरी समाचार लेखन, सम्प्रेषण र प्रकाशन गर्ने समाजसँग आबद्ध सञ्चार कर्मीहरूको प्राथमिक कर्तव्य हुने उल्लेख भएको प्रतिबद्धतापत्रमा अवैध रूपमा सञ्चालनमा रहेका क्रसर उद्योगलाई निरुत्साहित गराउन सरकारको ध्यानाकृष्ट हुनुपर्ने भनिएको छ। अध्यक्ष कर्णले अहिले तराई मधेसमा तीव्रतर हुँदै गएको खोलानालाको अवैध उत्खनन् र यसको वातावरणीय दुष्प्रभावसँगै प्रतिअसरका रूपमा देखिएका विभिन्न खाले सामाजिक उपद्रोप्रति आफूहरू चिन्तित भएको बताए । चुरे तथा नदी प्रणालीसँग जोडिएका विषयमा समाचार लेखन गर्ने सञ्चारकर्मीलाई समाजसँग जोडिन आग्रह गरिएको प्रतिबद्धतापत्रमा सञ्चारकर्मीको वृत्तिविकास, प्रोत्साहन र सुरक्षाप्रति गम्भीर बन्न तीनवटै तहका सरकारसँग माग गरिएको छ । समाजले आफ्नो प्रतिबद्धतापत्रमा विषयगत क्षेत्रमा काम गर्ने पत्रकारमाथि जनप्रतिनिधिसँगै आपराधिक प्रवृत्ति भएकाहरूले गर्ने दुर्व्यवहार, धाकधम्कीजस्ता घटनाको निन्दासमेत गरेको छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनलाल कर्णले चुरे र नदी प्रणालीको तीव्र क्षयीकरणले गर्दा तराईमधेस मरुभूमिमा परिणत हुने बताउँदै विद्यमान कानुनको कडा कार्यान्वयनबाट चुरे तथा नदी दोहन गर्ने कार्यलाई नियन्त्रित गर्न सकिने बताए। उनले वातावरणीय प्रभाव मूल्यांकन र मापदण्डअनुसार ढुंगा, गिट्टी तथा बालुवा उत्खनन् गरिए सरकारको राजस्व पनि बढ्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा चुरेविज्ञ नागदेव यादव, चुरे उत्थानशील परियोजना बर्दिवासका प्रमुख चुडामणि खतिबडा, मधेस प्रदेश वन निर्देशनालयका उपनिर्देशक सुजीतकुमार झा, सामुदायिक वन उपभोक्ता महासंघ मधेस प्रदेशका अध्यक्ष सोमप्रसाद शर्मा, कमला अभियानका अध्यक्ष विक्रम यादव, चुरे अभियन्ता केदारबहादुर कोइराला, वरिष्ठ पत्रकार गोपाल बराल, समाजकी उपाध्यक्ष रमिता नेपाल, कोषाध्यक्ष माधुरी महतोलगायतले चुरे र नदी प्रणाली संरक्षणका विषयमा सरकार तथा सरोकारवालालाई संवेदनशील बन्न आग्रह गरे ।

**सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।**

## जनकपुरधाममा राष्ट्रपति पौडेलको नागरिक अभिनन्दन हुने



**खबर दर्पण समाचारदाता**

**जेठ २० गते, जनकपुर**

राष्ट्रपति रामचन्द्र पौडेलको जनकपुरधाममा नागरिक अभिनन्दन हुने भएको छ ।

उद्योग वाणिज्य सङ्घ धनुषामा आज भएको सर्वदलीय बैठकमा यही जेठ ३१ गते जनकपुरधाममा राष्ट्रपतिको नागरिक अभिनन्दन गर्ने सर्वपक्षीय सहमति भएको प्रतिनिधिसभा सांसद तथा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले जानकारी दिए ।

उनले नागरिकताविहीन लाखौं युवाको समस्या समाधान गरी जनकपुरधाम आउन लागेका राष्ट्रपति पौडेललाई मधेसवासीले भव्य स्वागत गर्नुपर्ने प्रस्तावमा सबै दलले सहमति जनाएको बताए ।

त्यस अवसरमा मधेस प्रदेशसभा सदस्य रामसरोज यादव राष्ट्रपतिको भ्रमणलाई भव्य र सभ्य बनाउन प्रदेश सरकारलाई पहलकदमी लिन प्रयास गरिने बताए ।

जनकपुरधाम उपमहानगर पालिकाका उपप्रमुख किशोरी साहले धनुषाका सबै प्रतिनिधिसभा सांसद र प्रदेशसभा सदस्यहरूसहितको मूल समिति र अन्य उपसमिति बनाएर राष्ट्रपतिको जानकी मन्दिरको पूजापाठदेखि तिरहुतिया गाछीमा हुने भव्य स्वागत र नागरिक अभिनन्दनको तयारी गर्ने निर्णय गरिएको बताए ।

बैठकले नागरिकता विधेयक प्रमाणीकरण गरेकोमा राष्ट्रपतिलाई धन्यवाद ज्ञापन र मूल समारोह समितिको निर्णयअनुसार जनकपुरधामको एउटा चोकमा र ाष्ट्रपतिद्वारा झन्डा फहराइने निर्णय गरिएको साहले जानकारी दिए । जनकपुरधाम विमानस्थलबाट जानकी मन्दिर र मन्दिरदेखि तिरहुतिया गाछीसम्म सडकको दुवै छेउमा राष्ट्रिय झण्डासहित उभिएर नागरिक अभिनन्दन गर्न सबै दलले आआफ्ना कार्यकर्ता र स्थानीय समाजलाई परिचालन गरिने निर्णय भएको छ ।

## विपद् जोखिम न्यूनीकरण तयारीको पूर्व अभ्यास

**खबर दर्पण समाचारदाता**

**जेठ २० गते, जनकपुर**

धनुषामा विपद् जोखिम न्यूनीकरणको तयारी स्वरूप पूर्व अभ्यास गरिएको छ ।जनकपुरधामको गंगासागरमा आज “विपद् पूर्व तयारी तथा राहत वितरण सम्बन्धी अभ्यास” गरेको हो ।



बाढीका दृष्टिकोणले निक्कै जोखिममा पर्ने जिल्लाको रुपमा रहेको धनुषा जिल्लामा कमला, जमुनी, वडहरी, औरही जस्ता नदीहरूमा वर्षेनी रुपमा बाढी आएर धनजनको क्षति हुने भएकाले न्यून गर्नका लागि पूर्व अभ्यास गरिएको हो ।जनकपुरधामका गंगासागरलाई विभिन्न खोला तथा नदी क्षेत्र मानेर नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीले नेपाल रेडक्रसको सहभागितामा पूर्व तयारी स्वरूप अभ्यास गरेको छ । रब्बर बोट, डोरी, लाईफ ज्याकेट सहितका सामाग्रीहरूको प्रयोग गरिएको थियो ।

बाढीसहित अन्य प्रकारको विपद् जन्य २३० वटा घटना धनुषामा गत वर्ष हुनुका साथै यसमा परेर १० जनाको मृत्यु भएको थियो ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्वन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# व्यवहारमा देखिएन छुवाछुतमुक्त

नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको १७ वर्ष भयो । घोषणा आफैँमा बाध्यकारी व्यवस्था होइन । छुवाछुतमुक्त राष्ट्र घोषणाको अर्थ नेपालको राजनीति र दलित आन्दोलनमा निकै महत्वपूर्ण छ । जनआन्दोलन २०६२र६३ को सफलतापछि पुनर्स्थापित प्रतिनिधि सभाले २०६३ जेठ २१ गते नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको थियो । जनआन्दोलनमा दलित समुदायले पु-याएको योगदानलाई सम्मान गर्दै सात राजनीतिक दलले नेपाललाई जातीय भेदभाव तथा छुवाछुतमुक्त राष्ट्र घोषणा गरेका थिए ।

२०६२/६३ को जनआन्दोलनमा तीन जना सेतु विक, चन्द्र बयलकोटी र दीपक विक सहिद भएका थिए । माओवादी जनयुद्धको राप र ताप त छँदै थियो । घोषणा दलित आन्दोलनको मात्र नभई राजनीतिक आन्दोलनको पनि सफलता थियो । जनआन्दोलन २०६२/६३ सफलताको जगमा छुवाछुतमुक्त राष्ट्र घोषणा गरिएको हो । सही नियतले घोषणा गरिएको भए पनि त्यसलाई दलहरूले गम्भीरताका साथ नलिँदा घोषणा घोषणामै सीमित हुन पुगेको छ ।

घोषणापश्चात् बनेका सरकारले घोषणालाई कार्यान्वयन गर्ने कुनै पनि नीति तथा कार्यक्रम ल्याएनन् । सार्वभौम संसद्ले गरेको घोषणा कुनै पनि सरकारको बजेट भाषणमा पर्न सकेन । छुवाछुतमुक्त राष्ट्र घोषणा गरेका प्रमुख दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा माओवादीले सरकारको नेतृत्व गर्दै आए । घोषणालाई आफ्नो नीति तथा कार्यक्रममा समेटेनन् । घोषणा गर्दैमा छुवाछुतमुक्त नेपाल भइहाल्ने अवस्था थिएन । सदियौँदेखि चल्दै आएको कुसंस्कार चुट्कीका भरमा परिवर्तन हुने कुरै भएन । जसरी घोषणा गरिएको थियो, त्यसै गरी कार्यान्वयनतिर ध्यान दिएको भए १७ वर्षको अवधिमा समाजमा सामाजिक परिवर्तन भने अनुभूति गर्न सक्ने गरी भइसक्थ्यो । दलहरूले छुवाछुत अन्त्यको अभियान चलाउने सक्थे, नीति तथा कार्यक्रम ल्याउन सक्थे ।

विडम्बना यी काम हुन सकेनन् । घोषणामार्फत दलहरूले छुवाछुत र भेदभाव अन्त्य गर्ने इच्छाशक्ति त प्रकट गरे तर कार्यान्वयन गरेनन् । जसका कारण दलित समुदायले घोषणाको अनुभूति गर्न पाएनन् ।

घोषणा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धमा दलहरूको हलुका बुझाइको परिणाम हो भन्ने प्रमाणित भइरहेको छ । होइन भने घोषणाको प्रभाव समाजमा केही न केही देखिनु पर्थ्यो । छुवाछुतलाई दलितको मात्र समस्याका रूपमा हेर्ने, चलिआएको परम्परा हो समयसँगै हटेर जान्छ भन्ने खालको हलुका र समग्रतामा बुझ्ने काम दलहरूबाट हुँदै आएकाले घोषणाले सार्थकता पाउन सकेन । बरु नेपाल छुवाछुतमुक्त राष्ट्र घोषणा भइसक्यो भनेर अन्तर्राष्ट्रिय क्षेत्रलाई भ्रममा राख्ने काम सरकारी निकायबाट हुँदै आएको छ । यो दलितमाथि अर्को अन्याय हो ।

# चुरेको माटो नबेचौं

डा. विजयकुमार सिंह

चुरे हाम्रो प्राण हो। चुरेको माटो नेपालीको मूलधन हो। त्यसैले चुरेको पारिस्थितिकीय प्रणालीलाई रक्षा गर्नुको विकल्प छैन। कुनै पनि सर्तमा चुरिया क्षेत्रलाई दोहन गरेर यसको भू-बनोटलाई खल्बल्याउनु हुँदैन। पानी र जैविक विविधता चुरेको मूल उत्पादन हो। जसलाई जीवनमा खानेपानी, सिँचाइ, पर्यापर्यटनको रूपमा प्रयोग गर्दै आएका छौं। चुरेको पारिस्थितिकीय प्रणालीलाई खल्बल्याएमा नेपालको तराई क्षेत्र मरुभूमीकरण हुने निश्चित छ। तसर्थ केही व्यापारी र व्यवसायीको लोभलालचमा चुरे र मधेसमा बसोवास गर्ने देश हो नेपाल। जसको ६१ प्रतिशत जनताका अहितमा देशको माटो, गिट्टीबालुवा भारतलाई निकासी गर्नु देशका लागि आत्मघाती कदम हुनेछ।

आर्थिक वर्ष २०८०-०८१ को नीति तथा कार्यक्रमको ४२ नम्बर बुँदामा चुरेका माटो, गिट्टीबालुवा निकासी गर्ने भनिएको छ। यसका लागि कानुन निर्माण गर्ने भनिएको छ। यसले हामीलाई चिन्तित बनाएको छ। चुरे आफैंमा कमलो पहाड हो। त्यसैले यसलाई संरक्षण, संवर्द्धनका सरकारले राष्ट्रपतिको नामबाट जोडेर कार्यक्रम सञ्चालन गरिरहेको छ। त्यसैले चुरेका माटो तथा नदीजन्य पदार्थ भारततर्फ निकासी गर्न प्रधानमन्त्रीज्यूले मित्रराष्ट्रको भ्रमणमा यस विषयमा कुनै लिखित वा मौखिक सहमति नगर्न वातावरण तथा चुरे संरक्षण विज्ञ तथा अभियानीहरू सार्वजनिक रूपमा अनुरोध र अपिल गर्दछौं।

पूर्वअर्थमन्त्री विष्णु पौडेलले २०७८-०७९ को बजेट वक्तव्यको बुँदा नं. १९९ मा देशबाहिर गिट्टीढुंगा तथा बालुवा देशबाहिर निकासी गर्ने नीति ल्याएका थिए। त्यो सबालमा तत्कालीन प्रतिपक्षी दल नेपाली कांग्रेस, माओवादीलगायत सम्पूर्ण दलका सभापति तथा अध्यक्षले सामूहिक, दलगत र व्यक्तिगत वक्तव्य निकाले। त्यसमा देशबाहिर गर्न लागेको निकासीको विरोध गरिएको थियो। प्रधानमन्त्री प्रचण्डसहितका नेताले भनेका थिए, 'चुरेको माटो



बिक्री गर्नु भनेको देशलाई खरानी बनाउनुसरह हो।' सत्तामा पुगेपछि पुरानो वक्तव्य पनि स्मरण गराउन चाहन्छौं। सरकारले चुरेको गिट्टीढुंगा तथा बालुवा देशबाहिर निकासीको नीति फिर्ता लिएर चुरे संरक्षण गर्दै वैकल्पिक रूपमा कार्यक्रमहरू सञ्चालन गरेको छ। तत्कालीन तथा दीर्घकालीन रूपमा यसले देशको आर्थिक संकट समाधान गर्नेतर्फ सोच्नु पर्छ। जसबाट वार्षिक रूपमा देशमा अर्बौं रुपैयाँ आम्दानी गर्न सकिन्छ।

**चुरे क्षेत्रका बलिया सम्भावनाहरू यस्ता छन् :**

**बाँस र अम्रिसो कुचोको व्यावसायिक उत्पादन :** चुरे क्षेत्रको सम्पूर्ण भाग बाँस र अम्रिसो (कुचो घाँस) का लागि प्राकृतिक घर हो। चुरेमा यो खेतीका लागि सुहाउँदो माटो र हावापानी छ। नेपालबाट २०७८ सालमा नेपाली १९२ मिलियनबराबरको ३ करोड ८९ लाख २ हजार किलो अम्रिसोको कुचोबाहिर निकासी भएको तथ्यांक छ। राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिको सोच भए पनि हालसम्म बाँसको व्यावसायिक खेती गरिएको छैन। यसबाट कम लगानीमा अधिकतम फाइदा लिन सकिन्छ। यसबाट महिला, गरिब र स्थानीयवासीलाई प्रशस्त मात्रामा रोजगारी प्रदान गर्न सकिन्छ। निजी क्षेत्रको सहभागितामा चुरे क्षेत्रको जग्गा कबुलियतमा दिएर व्यावसायिक रूपमा बाँस र अम्रिसोको खेतीपाती गरेर बाहिर निकासी गर्न सक्ने पर्याप्त सम्भावना छन्।

**व्यावसायिक जडीबुटी खेती र प्रशोधन :** चुरे क्षेत्र अमला, हर्रो, बर्रो, तेजपात, दालचिनी, बेललगायत जडीबुटीको उत्पादनका लागि उर्बर थलो हो। चुरेका जंगलमा प्राकृतिक रूपमा यी जडीबुटी पाइन्छन्। व्यावसायिक रूपमा खेती भने गरिएको छैन। निजी क्षेत्रको लगानीमा व्यावसायिक रूपमा जडीबुटी खेती गरेर अमला, हर्रो र बर्रोबाट त्रिफला बनाई देश बाहिरबाट आयात गर्ने परिणामलाई विस्थापित गर्न सकिन्छ। बाहिरबाट आयात हुने अमलाको जुस र मसलामा प्रयोग हुने दालचिनीको आयातलाई विस्थापित गरेर बाहिर निकासी गर्न सकिन्छ।

व्यावसायिक फलफूल खेती : कृषि वन प्रणालीमार्फत चुरे क्षेत्रको वनजग्गा कबुलियतमा दिएर विभिन्न किसिमका फलफूल उत्पादन गर्न सकिन्छ। यसले बाहिर बाट आउने कागतीलगायत अमिलो प्रजातिका फलफूललाई विस्थापित गरी निकासी गर्न सकिन्छ।

**चुरेमा व्यावसायिक पर्यापर्यटन** : चुरेको हावापानी रमणीय छ। यहाँ न धेरै गर्मी न धेरै चिसो छ। समितिको सहयोगमा सिरहा जिल्लाको बन्दीपुरमा बाबा ताल निर्माणपश्चात् नेपाल र भारतबाट पर्यापर्यटन बढेको छ। यस तालको निर्माणबाट सयौं बिघामा सिँचाइ भएको छ। वन जंगल संरक्षण र जैविक विविधता बढेको छ। चुरे क्षेत्रमा पर्ने धनकुटा जिल्लाको भेडेटारजस्तै, धनुषा, महोत्तरी, सिन्धुली, उदयपुर, हेटौंडा, इलाम, रूपन्देही, दाङ, सुर्खेत, डँडेलधुरा आदि स्थानमा व्यावसायिक पर्यापर्यटन बढेको छ। जहाँ पर्यापर्यटनका प्रशस्त सम्भावना छन्। आम्दानीको स्रोतसँगै रोजगारी सिर्जना गर्ने सम्भावना छन्।

**चुरेमा तालतलैया निर्माण र माछापालन :** वर्तमान जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न चुरे क्षेत्रमा हजारौ संख्यामा बहुउद्देश्य साना, मझौला तथा ठूला तालतलैया निर्माण गर्न सकिन्छ। तराईको उर्बर भूमिमा सिँचाइ र खानेपानीको मुहान रिचार्ज गर्न सकिन्छ। तालतलैयामा व्यावसायिक माछापालन, पर्यापर्यटन, सिँचाइ, व्यावसायिक खानेपानीको बोटलिङ उद्योगहरू खोल्न सकिन्छ। समिति, सामुदायिक वन, स्थानीय सरकार तथा अन्य आयोजनाको सहयोगमा चुरे क्षेत्रमा साना तथा मझौला तालतलैया निर्माण भइरहेका छन्। यसबाट सामुदायिक वन तथा स्थानीय सरकारको आयमा वृद्धि भएको छ। यसबाट स्थानीय समुदाय खानेपानी, सिँचाइबाट निकै लाभान्वित छन्।

**व्यावसायिक पिउने पानी उद्योग स्थापना :** चुरेको कतिपय खोल्साखोल्सीमा पानीका स्रोत छन्। धेरैजसो खोलामा जमिनमुनि पानी बगिरहेको छ। जुन भावरको अन्तिम भागमा पानीको मूलको रूपमा निस्कन्छ। यी खोलाको पानी व्यावसायिक रूपमा उत्पादन र बिक्री भएको पनि पाइन्छ। जसलाई अझै बढाउन सकिने सम्भावना छ।

**कार्बन व्यापार :** चुरे क्षेत्रमा ७२ प्रतिशत प्राकृतिक वन क्षेत्र छ। वन तथा वातावरण मन्त्रालयको रेड कार्यान्वयन इकाइमार्फत चुरे क्षेत्रको कार्वन व्यापार अगाडि बढाएर स्थानीय समुदाय तथा राष्ट्रिय ढुकुटीमा आम्दानी बढाउन सकिन्छ।

चुरेमा व्यावसायिक वन्यजन्तु र चराचुरुंगी पालन : मध्य पहाड र तराईको बीचमा पर्ने चुरे क्षेत्रका सामुदायिक वनमा निजी क्षेत्रको सहभागितामा व्यावसायिक रूपमा धेरै किसिमका वन्यजन्तु तथा चराचुरुंगी पालन गर्ने सम्भावना छ।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विवादित मुद्दामा पन्छिएर विकासका एजेन्डामा 'सिफ्ट'

**दिलिपप्रकाश कार्की**

**जेठ २० गते, काठमाडौं**

प्रधानमन्त्री प्रचण्डको भ्रमणले उर्जा व्यापारमा भने नयाँ आशा सिर्जना गरेको छ भने आफूप्रतिको भारतीय अविश्रुवास हटाउने प्रयास गरेका छन्।

काठमाडौं- प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' आफ्नो तेस्रो कार्यकालको पहिलो विदेश भ्रमणका रुपमा चार दिने भारत यात्रा सम्पन्रुन गरी शनिबार बेलुकी काठमाडौं आइपुगेका छन्। विमास्थलमा ओर्लिएर पत्रकारहरुसँग कुरा गर्दै प्रधानमन्त्री प्रचण्डले नेपाल र भारतबीचको सीमा सम्बन्धमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबाट आएको सकारात्मक अभिव्यक्तिबाट उत्साहित भएको बताएका छन्। उनले भारतसँग सीमा सम्बन्धमा गम्भीर छलफल भएको पनि बताए।

उनले भने, 'भेटवार्ताका क्रममा सीमासम्बन्धी विषयमा पनि गम्भीर कुराकानी भएको छ। यो विषयलाई स्थापित कूटनैतिक संयन्त्रमार्फत समाधान गर्न भारतका प्रधानमन्त्रीलाई गम्भीर रुपमा भनेको छु। उहाँले पनि प्रेस मिटको सन्दर्भमा यस भ्रमणको सौहार्दपूर्ण वातावरणको मर्म अनुरुप सीमा लगायत थाति रहेका सबै समस्या समाधान गरिनेछ भन्ने भावना स्पष्ट रुपमा व्यक्त गर्नुभएको छ। धेरै समयपछि भारतीय प्रधानमन्त्रीबाट सीमा सम्बन्धमा आएको यो सकारात्मक अभिव्यक्तिबाट हामी उत्साहित भएका छौं।'

उनले आफ्नो भ्रमण सफल भएको भन्रुन नयाँ दिल्लीदेखि त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलसम्म पनि बाँकि राखेनन्। नेपाल आएर सीमाका विषयमा गम्भीर छलफल भएको बताउने प्रचण्डले सीमा र भारतले आफ्नो नयाँ संसद्रु भवनमा राखेको 'अखण्ड भारतको नक्सा' का विषयमा पनि खासै छलफल नगरेको पाइएको छ। भ्रमण दलका एक सदस्यका अनुसार नेपालले विगत लामो समयदेखि उठाउँदै आएका 'परम्परागत राजनीतिक' मुद्दाले भने प्रवेश नै पाएन।

सम्बन्ध सुधारलाई केन्द्रमा राखेर भेटवार्ता र छलफलका कार्यक्रम तय गरिएको प्रधानमन्त्रीको टोलीले राजनीतिक मुद्दामा प्रवेश नै गरेन। दुवै सरकारको सहमतिमा बनेको प्रबुद्ध व्यक्ति समूह (ईपीजी) ले तयार गरेको प्रतिवेदन भारतीय पक्षले चासो नदिएका कारण विगत पाँच वर्षदेखि होल्ड छ। त्यसैगरी नेपालले जारी गरेको नयाँ नक्सामा समेटिएको नेपाली भूमि फिर्ता गराउने विषयमा पनि कुनै छलफल हुन सकेन। त्यसैगरी हवाई रुट प्रदान गर्ने विषयमा पनि ठोस पहल हुने भनिए पनि यसबारे पनि परिणाममुखी छलफल हुन सकेन।

यद्यपि यसपटकको प्रधानमन्त्री प्रचण्डको भ्रमणले उर्जा व्यापारमा भने नयाँ आशा सिर्जना गरेको छ भने आफूप्रतिको भारतीय अविश्रुवास हटाउने प्रयास गरेका छन्। विगतमा हुने प्रधानमन्त्रीहरुका भ्रमणमा राजनीतिक मुद्दाले प्राथमिकता पाउने र आर्थिक र विकास सहकार्यका मुद्दाहरु ओझेलमा पर्दै जाने गरेकोमा यसपटक भने 'प्याट्रन सिफ्ट' भएको छ। बिहीबार भएको संयुक्त पत्रकार सम्मेलनमा सार्वजनिक सम्झौता र दुई प्रधानमन्त्रीको सम्बोधन हेर्दा दुवै पक्षले विवादित मुद्दालाई थाँती राखेर विकास निर्माणका कामहरुलाई अघि बढाउन खोजेको परराष्ट्र मामिलाका जानकारहरुले बताइरहेका छन्।



नेपालको आन्तरिक एवं भू-राजनीतिका अध्येता चन्द्रदेव भट्ट भन्छन्, 'विगतका प्रधानमन्त्रीहरुको भ्रमणभन्दा यसपटकको भ्रमणले प्याट्रन सिफ्ट गरेको छ। यसपटक विवादित मुद्दाहरुलाई थाँती राखेर विकास र आर्थिक समृद्धिका विषयलाई अगाडि बढाउन भ्रमण केन्द्रित रहेको देखिन्छ। राजनीतिभन्दा आर्थिक र विकास सहकार्यका मुद्दालाई बढी प्राथमिकता दिँदा आमजनता प्रत्यक्ष लाभान्वित हुन्छन्, जुन सकारात्मक कुरा पनि हो।'

**उर्जा व्यापारमा 'उत्साह'**

प्रधानमन्त्री प्रचण्डको यसपटकको भारत भ्रमणले उर्जा व्यापार उत्साहपूर्ण हुने आशा जगाएको छ। भारतसँग ऊर्जा क्षेत्रमा सहकार्यका लागि सन् २०२२ अप्रिलमा जारी गरिएको संयुक्त दृष्टिकोणपत्रको स्मरण गर्दै ऊर्जा क्षेत्र सहकार्यमा हासिल प्रगतिप्रति दुवै प्रधानमन्त्रीले सन्तुष्टि व्यक्त गरेका छन्। यसमा जलविद्युत परियोजनाको विकास, विद्युत प्रसारण, पूर्वाधार तथा ऊर्जा व्यापार समावेश छन् भने दुवै पक्षले दीर्घकालीन ऊर्जा व्यापारका लागि सहमति जनाएका छन्। जसअनुसार दुवै पक्ष नेपालबाट भारतमा हुने विद्युत निर्यातको परिमाण १० वर्षको अवधिभित्र १० हजार मेगावाट पुऱ्याउन र यसका लागि आपसी सहयोगलाई प्रोत्साहित गर्न आवश्यक सबै उपायहरु अवलम्बन गर्न सहमत छन्।

प्रधानमन्त्रीद्वयले संयुक्त रुपमा चार सय केभी गोरखपुर-बुटवल प्रसारण लाइनको शिलान्यास गरेका छन् भने ४८० मेगावाटको फुकोट-कर्णाली परियोजनाको निर्माणका लागि एनएचपिसी र भियुसिएन लिमिटेडबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। त्यसैगरी ६६९ मेगावाटको तल्लो अरुणको निर्माणका लागि सतलज जलविद्युत निगम र नेपाल लगानी बोर्डबीच सम्पन्न परियोजना विकास सम्झौता भएको छ।

त्यसैगरी नेपालबाट बंगलादेशसम्म भारतीय ग्रिडमार्फत ४० मेगावाटसम्मको विद्युत निर्यात गर्न पहिलो त्रिपक्षीय विद्युत कारोबारलाई सहजीकरण गर्ने भारत सरकारको निर्णयलाई नेपाली पक्षले स्वागत गरेको छ। दुवै पक्षले ऊर्जा क्षेत्रलगायत बृहत् उपक्षेत्रीय सहयोगका लागि आफ्नो प्रतिबद्धता जाहेर गरेका छन्। यससँगै दुवै प्रधानमन्त्रीले नेपालबाट भारततर्फ चार सय ५२ मेगावाटसम्म भएको विद्युत निर्यात र नेपालमा नौ सय मेगावाट क्षमताको अरुण-३ जलविद्युत परियोजनाको निर्माणमा भएको प्रगतिको प्रशंसा गरे।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नै दीर्घकालीन विद्युत व्यापार सम्झौता भएको बताएका छन्। नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत व्यापारमा 'ब्रेक थ्रु' भएको बताएका छन्। उनले १० वर्षमा १० हजार मेगावाट भारतले नेपालको विद्युत आयात गर्ने विषयमा दुबै सचिवले सम्झौतामा प्रारम्भिक हस्ताक्षर गरिसकेकोले प्राविधिक हिसाबले 'एक्सचेन्ज' मात्र नभएको बताए।

उनले भने, 'यसपटकको भ्रमणमा नेपाली विद्युतलाई भारतीय बजार सुनिश्चितता गरिएको छ। भारतमा नेपालको विद्युत किनिँदैन कि भन्रुने शंका थियो तर यसपटक दीर्घकालीन र मध्यकालीनरुपमा पनि सबै किसिमको 'पावर' भारतले किन्छ भन्ने सुनिश्चितता दिएको हो। यसले नेपालका निजी र सरकारी क्षेत्रको र अरु लगानीहरु भारतीय लगानी पनि हाइड्रोपावर, ट्रान्समिसनमा लगानी बढाउन त्यसले ठूलो मद्दत गर्छ र डेभलपरहरुको आत्मबल बढाउँछ। भारतमा बजार छैन भनेर जसले पनि भन्ने गर्थ्यो। त्यो होइन, भारतले नेपालको बिजुली किन्छ भन्ने कुरा यो सम्झौताले सुनिश्चितता गरेको छ।'

उनले नेपाल १० वर्षमा १० हजार मेगावाट विद्युत निर्यात गर्न सक्षम हुने पनि बताएका छन्। उनले भने, 'यस सम्झौताले हाम्रो विश्वास बढ्यो र निजी क्षेत्रको विश्वास बढाएको छ। बजार सुनिश्चित छ भने अब लगानीकर्ताहरु जस्तो- वर्ल्ड बैंक, एडीबी अथवा अन्य बैंकहरुको पनि विश्वास बढ्छ नि। हामीले लगानी गऱ्यौं, भोलि बजार नपाउने हो कि भन्ने प्रश्न त लगानीकर्तामा थियो नि त। अब यो लगानी सुनिश्चितताताका लागि पनि एउटा 'ब्रेक थ्रु' हो।

नेपालले बंगलादेशमा विद्युत बेच्नका लागि भारतले 'असिस्ट' गर्ने प्रतिबद्धता गरिसकेकोले भारतीय प्रसारणलाइनमार्फत यसपालिकै सिजनमा सिम्बोलिकरुपमा बंगलादेशमा बिजुली पठाउने पनि कार्यकारी निर्देशक घिसिङले बताए।

**पञ्रुचेश्वरमा तीन महिने डेडलाइन, कनेक्टिभिटीमा जोड**

महाकाली सन्धिमा परिकल्पना गरिएको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना नेपाल र भारतका नागरिकको निकै ठूलो चासोको परियोजना हो। यस सन्दर्भमा दुवै सरकारका सम्बन्धित अधिकारीहरुले तीन महिनाभित्र पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर)लाई अन्तिम रुप दिने सहमति भएको छ। जस अनुसार पञ्चेश्वर विकास प्राधिकरणले अन्तिम डीपीआर दुवै सरकारलाई बुझाउनेछ। उक्त आयोजनाका लागि आवश्यक पर्ने वित्तीय व्यवस्था दुई सरकार र तिनीहरुका सम्बन्धित निकायले गर्नेछन्। दुवै सरकारले डीपीआर स्वीकृत गरेपछि एक वर्षभित्र कार्यान्वयनको ढाँचा टुंगो लगाइने पनि दुवै पक्षबीच सहमति भएको छ।

त्यसैगरी भेरी करिडोर, निजगढ-इनरुवा र गण्डक नेपालगञ्ज प्रसारण लाइन र यससँग सम्बन्धित सबस्टेसनहरु भारतीय लाइन अफ क्रेडिटअन्तर्गत छ सय ७९ दशमलव आठ (६७९.८)मिलियन अमेरिकी डलर अनुमानित लागतमा लगानी गर्ने भारत सरकारको निर्णयलाई दुवै पक्षले स्वागत गरेका छन्।

त्यसैगरी यस पटकको भारत भ्रमणले कनेक्टिभिटीलाई प्राथमिकतामा राखेको पाइएको छ। भारतीय प्रधानमन्त्री मोदीले आफ्नोस सम्बोधनमा क्रममा आफ्नो पहिलो नेपाल भ्रमणका क्रममा भनिएको 'हिट' (एचआईटी) फर्मुलाले सार्थकता पाएको बताए। भारत सरकारको अनुदान सहयोगमा भारत र नेपालबीच निर्माणाधीन एकीकृत जाँच चौकीमार्फत कनेक्टिभिटीलाई थप गति प्रदान गर्न दुई प्रधानमन्त्रीले भारतको रुपैडिहा र नेपालको नेपालगञ्जमा निर्माण हुने एकै किसिमका एकीकृत जाँच चौकीको उद्घाटन गरे।

त्यस्तै, दुई प्रधानमन्त्रीले भारतको सुनौली र नेपालको भैरहवामा एकीकृत जाँच चौकीको निर्माणका लागि शिलान्यास गरे। भ्रमणका क्रममा भारत सरकारको अनुदान सहयोगमा नेपालको दोधारा चाँदनीमा एकीकृत जाँच चौकीको निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर भयो। यी एकीकृत जाँच चौकीले यातायातको सुविधालाई सहज बनाई जनता-जनताबीचको सम्पर्कका साथै दुई देशबीचको व्यापार, वाणिज्य तथा आर्थिक सम्बन्धलाई थप सुदृढ बनाउन मद्दत गर्ने विश्वास गरिएको छ।

त्यसैगरी रेल कनेक्टिभिटीलाई थप सुदृढ बनाउने प्रयासअनुरुप दुई देशका प्रधानमन्त्रीले भारत सरकारको अनुदान सहयोगमा निर्मित जोगबनी-विराटनगर रेलमार्गअन्तर्गत भारतको बथनाहादेखि नेपाल भन्सार यार्डसम्मको रेलसेवाको उद्घाटन गरे। यसले पूर्वी नेपालको व्यापारिक केन्द्रका रुपमा रहेको विराटनगर मार्फत दुई देशबीच व्यापार एवम् वाणिज्य सम्पर्कलाई थप बलियो बनाउने बताइएको छ।

भ्रमणका क्रममा रक्सौल-काठमाडौं रेलमार्गको अन्तिम स्थलगत सर्भे प्रतिवेदन पनि नेपाली पक्षलाई हस्तान्तरण गरिएको छ। नेपाली रेल अधिकारीहरुको क्षमता अभिवृद्धिका लागि भारतका रेलवे प्रतिष्ठानहरुमा तालिमको प्रबन्ध र जयनगर-कुर्था रेलखण्डको पूर्वाधार मर्मतका लागि अनुदानको व्यवस्थाका लागि नेपाल सरकारको अनुरोधबमोजिम भारत सरकारले सोही अनुरुप गर्ने सहमति जनाएको छ।

त्यसैगरी दुवै प्रधानमन्त्रीले सन् २०१९ को सेप्टेम्बरमा उद्घाटन भएको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनका फाइदाबारे चर्चा गर्दै चितवनमा निर्माण हुने दोस्रो चरणको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको शिलान्यास गरिएको छ। भ्रमणका क्रममा सिलिगुडीदेखि झापासम्मको पेट्रोलियम पाइपलाइन निर्माण, अमलेखगञ्जदेखि चितवनसम्म तेल पाइपलाइन विस्तार र चितवन र झापामा दुईवटा ग्रिनफिल्ड टर्मिनल निर्माणका लागि एक समझदारीपत्रमा हस्ताक्षर भएको छ।

दुवै पक्षले भारत र नेपालबीच डिजिटल वित्तीय कनेक्टिभिटीलाई अझ मजबुत बनाउन सीमापार डिजिटल भुक्तानी सहजीकरणका लागि भारतको एनपिसिएल र नेपालको एनसिएचएलबीच समझदारीपत्र आदानप्रदान भएको छ।

भारत सरकारले अनुदानमा नेपालका सिर्सिया र झुलाघाटमा महाकाली नदीमा भारतको चम्पावत र पिथौरागढ जोड्ने दुईवटा पुलको निर्माण गर्ने निर्णय गरेको छ। यी पुलले भारतको उत्तरखण्ड र नेपालको सुदूरपश्चिम प्रदेशबीच सम्पर्क विस्तार गर्न मद्दत गर्नेछ।

कृषि क्षेत्रलाई नयाँ गति दिने उद्देश्यले दुवै पक्षबीच 'नानो फर्टिलाइजर' र प्राकृतिक खेती जस्ता द्विपक्षीय सहकार्यको नवीन आयामबारे छलफल भएको बताइएको छ। त्यसैगरी कृषि तथा पशुपक्षीको क्षेत्रमा दुई देशबीचको सहकार्यअनुरुप नेपाल सरकारको अनुरोधमा १५ वटा मुर्रा भैंसी नेपाल सरकारकलाई उपलब्ध गराइएको छ। यसैगरी भारत सरकारले अनुदान सहयोगमा नेपाललाई दक्षिण एसिया स्याटलाइटको सेवा प्रदान गर्न एउटा ग्राउन्ड स्टेसनको निर्माणका साथै तीन सयवटा टर्मिनल उपलब्ध गराउने भएको छ। यो प्रयासले अन्तरीक्ष क्षेत्र तथा अन्तरीक्ष प्रविधि एप्लिकेसन विशेषगरी दूरसञ्चार तथा प्रसारण, टेलिमेडिसिन, दूरशिक्षा, ई-गोभर्नेन्स, बैंकिङ तथा एटिएम सेवा, मेटोरोलोजिकल डाटा प्रसारण, विपद् उद्धार, अनुसन्धानलगायत क्षेत्रमा क्षेत्रीय सहकार्यलाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ।

यसरी द्विपक्षीय छलफल, वार्ता, समझदारी र सम्झौलाई हेर्ने हो भने दुबै मुलुक राजनीतिक मुद्दामा अल्झिरहने भन्दा पनि विवादित मुद्दालाई थाँती राखेर आर्थिक र विकास सहकार्य गर्दै अघि बढ्न तयार रहेको सन्देश दिन खोजिएको छ। जी२० को अध्यक्षता गरिरहेको र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्मा स्थायी सदस्यका लागि पहल गरिरहेको भारतले आफ्ना छिमेकीलाई चिढ्याउने भन्दा पनि सहकार्य गर्दै समर्थन जुटाउने रणनीति अवलम्बन गरेको देखिन्छ। यसले नेपाललाई पनि राजनीतिक मुद्दालाई विभिन्रुन चरणमा छलफलमार्फत समाधान गर्दै जाने भए पनि आर्थिक समृद्धिलाई केन्द्रमा राख्नुनका लागि अप्रत्यक्ष आग्रह गरेको देखिन्छ।

**सम्बन्ध सुधारको प्रयास**

भारतीयहरुको सहयोगमा नै नेपालमा १० वर्ष जनयुद्ध सञ्रुचालन गरेका नेकपा माओवादी केन्द्रका अध्यक्षसँग पछिल्लो समय विश्रुवासको संकट देखिएको थियो। परिणामस्वरुप २०७९ साउन पहिलो साता भारत भ्रमणका गएका प्रचण्डसँग भारतीय प्रधानमन्त्री मोदीले भेटसमेत दिएका थिएनन्। यसबीचमा प्रचण्डले भारतसँगको सम्बन्ध सुधारमा निकै मिहनेत पनि गरेका थिए। नेपाल समयबाट

# भारत भ्रमण सफल र परिणामुखि रह्योः प्रधानमन्त्री दाहाल



खबर दर्पण समाचारदाता

**जेठ २० गते, काठमाडौं**

प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो भारत भ्रमण सफल र परिणाममुखि रहेको बताएका छन् ।

भारतको ४ दिने औपचारिक भ्रमण गरी शनिवार स्वदेश फर्किएका उनले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा सञ्चारकर्मीमाँझ सो दावी गरेका हुन्।

प्रधानमन्त्री दाहालले दुई मुलुकबीचको बहुआयामिक सम्बन्धलाई समानता र आपसी लाभको आधारमा थप मजदुत बताउन पनि आफ्नो भारत भ्रमणले महत्वपूर्ण योगदान पुऱ्याएको बताए। उनले विगतमा थाँति रहेका विषयहरुलाई पनि सम्बोधन हुने गरी भारतीय प्रधानमन्त्री मोदीसँग खुलस्त कुरकानी भएको पनि बताए।

'नेपाल र भारतबीच रहेको बहुआयामिक सम्बन्धलाई समानता र आपसी लाभको आधारमा थप मजदुत बनाउन यस भ्रमणले योगदान गरेको छ, भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग खुलस्त रुपमा कुराकानी भई विश्वासको वातावरण सृजना भएको छ भने थाँति रहेका विषयलाई सम्बोधन गर्न सकिने विश्वासको राम्रो आधार तयार भएको छ' प्रधानमन्त्री दाहालले भने', प्रधानमन्त्री दाहालले भने, 'नयाँ आम निर्वाचन पश्चातको पहिलो विदेश भ्रमणको रुपमा रहेको यो भारत भ्रमण मैले विगतका भ्रमणभन्दा फरक पाएको छु। सार भूत रुपमा यो भ्रमण परिणाममुखि रहेको छ । र, भविष्यका लागि स्पष्ट मार्गदर्शन समेत गरेको छ।'

प्रधानमन्त्री दाहालले आफ्नो भारत भ्रमण भविष्यका लागि पनि मार्गदर्शनको रुपमा रहने जिकीर समेत गरे।

# तराईमा तातो हावा र पहाडमा चट्याङबाट बच्न मौसमविद्को सुझाव

खबर दर्पण समाचारदाता

**जेठ २० गते, महेन्द्रनगर**

केही दिनदेखि देशभर बढिरहेको गर्मी अझै केही दिन घट्ने सम्भावना देखिएको छैन। मौसम पूर्वानुमान महाशाखाका अनुसार कम्तीमा आगामी ३ दिनसम्म वर्षाको खासै सम्भावना छैन। जसले गर्दा तापक्रम वृद्धि भइरहने देखिन्छ।

पहाडी भेगमा आंशिक बदली (२६ देखि ५० प्रतिशत आकाशमा बादल लाग्नु) र एक/दुई स्थानमा छिटपुट वर्षाको सम्भावना देखिए पनि देशका बाँकी सबै स्थानमा मौसम सामान्यतया सफा (घाम लाग्नु) र हने मौसम महाशाखाले आज बिहान ६ बजे जारी गरेको बुलेटिनमा उल्लेख गरिएको छ।

महाशाखाको बुलेटिनअनुसार आज दिउँसो देशका पहाडी भेगमा आंशिक बदली रही बाँकी स्थानमा मौसम सामान्यतया सफा रहनेछ। देशको पहाडी भूभागका रुएक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना छ।

'आंशिक बदलीले खासै वर्षा हुँदैन', महाशाखाकी मौसमविद् प्रतिभा मानन्धरले भनिन्, 'आज पहाडी भेगका एक दुई स्थानमा छिटपुट मात्र वर्षा हुनसक्छ, पहाडी भूभागअन्तर्गत काठमाडौं उपत्यकामा पनि वर्षाको सम्भावना निकै कम देखिन्छ।'

यस्तै आज राति पहाडी भेगमा आंशिक बदली रही बाँकी स्थानमा मौसम सामान्यतया सफा रहनेछ। कोशी प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशका पहाडी भूभागका रुएक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना छ।

मौसमविद्का अनुसार मौसम बदली र वर्षा भएन भने तापक्रम घट्दैन र गर्मी भइरहन्छ। आज पनि काठमाडौं उपत्यकासहित देशका धेरैजसो स्थानमा बिहानैदेखि घाम लागेको मौसमविद् मानन्धरले बताइन्।

'हामीले तापक्रम सम्बन्धमा मंगलबारसम्मका लागि विशेष बुलेटिन जारी गरिसकेका छौं', मौसमविद् मानन्धरले भनिन्, 'त्यही भएर खासगरी तराई क्षेत्रमा मंगलबारसम्म सतर्कता अपनाउन आवश्यक छ।' उक्त विशेष बुलेटिनमा तराईमा तातो हावा चल्ने र लु लाग्ने सम्भावना रहेकाले सकेसम्म घरभित्र र शीतल स्थानमा बस्न आग्रह गरिएको छ।

**तराईमा तातो हावा चल्ने, घर बाहिर ननिस्कन सुझाव**

उनका अनुसार काठमाडौं उपत्यकामा शनिबार अधिकतम तापक्रम ३२ डिग्री पुगेको छ भने जनकपुर, भैरहवा, सिमराजस्ता स्थानमा ४० डिग्री तथा यसभन्दा माथि तापक्रम उक्लेको छ।

'यसपालि मनसुन (वर्षा याम) भित्रिन पनि अलि ढिला होलाजस्तो छ', मौसमविद् मानन्धरले भनिन्, 'मनसुन नआउँदासम्म पानी पार्ने ठूलो प्रणाली आउलाजस्तो देखिन्न।' मौसम महाशाखाले आगामी २४ घण्टा (सोमबार बिहान ६ बजेसम्म) का लागि चेतावनी तथा परामर्श जारी गरेको छ।

त्यसमा भनिएको छ- देशको अधिकांश भूभागको अधिकतम र न्यूनतम तापक्रम बढ्ने सम्भावना रहनुका साथै देशको पहाडी भूभागका रुएक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेकाले अत्यधिक गर्मी तथा मेघगर्जन/चट्याङबाट हुनसक्ने क्षति वा जोखिमबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।

# नेपालमा सबैभन्दा बढीको बोल्ने मातृभाषा नेपाली, दोश्रोमा मैथिली

खबर दर्पण समाचारदाता

**जेठ २० गते, महेन्द्रनगर**

नेपालमा झण्डै ४५ प्रतिशत जनसंख्याको मातृभाषा नेपाली रहेको पाइएको छ । राष्ट्रिय जनगणना २०७८ को शुक्रवार सार्वजनिक मातृ भाषासम्बन्धी तथ्यांकअनुसार नेपालको कुल जनसंख्याको ४४.८६ प्रतिशत मातृभाषा नेपाली छ ।

जसअनुसार नेपालको कुल २ करोड ९१ लाख ६४ हजार ५७८ जनसंख्या मध्ये १ करोड ३० लाख ८४ हजार ४५७ जनाको मातृभाषा नेपाली हो ।

नेपालीपछि दोश्रोमा मैथिली मातृभाषा हुनेको संख्या धेरै छ । ३२ लाख २२ हजार ३८९ जना अर्थात ११.०५ प्रतिशतको मातृभाषा मैथिली छ ।

त्यस्तै भोजपुरी ६.२४ प्रतिशत, थारु ५.८८, तामाङ ४.८८, बजिका ३.८९, अवधि २.९६, नेवारी २.९६ र २.७८ प्रतिशतको मातृभाषा मगर धुत रहेको छ । जनगणनाअनुसार नेपालमा १२७ भाषाभाषी छन् ।

सबभन्दा कम कुसुण्डा भाषाका छन् । यो भाषा मातृभाषा हुनेको संख्या २३ जना मात्र छ ।

# नेपालमा हिन्दु धर्म मान्नेको संख्या ८१ प्रतिशतभन्दा बढी



नेपालमा ८१ प्रतिशतभन्दा बढी हिन्दुधर्मावलम्बीको संख्या रहेको पाइएको छ । राष्ट्रिय जनगणना २०७८ को जाति र धर्म सम्बन्धी तथ्यांक शुक्रवार सार्वजनिक तथ्यांक अनुसार नेपालमा १० वटा धर्म मान्ने मानिसहरुको बसोबास छ ।

नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ मध्ये सबभन्दा धेरै २ करोड ३६ लाख ७७ हजार ७४४ जना अर्थात् ८१.१९ प्रतिशतले हिन्दु धर्म मान्छन् । यस्तै २३ लाख ९३ हजार ५४९ जना अर्थात् ८.२१ प्रतिशतले बौद्ध धर्म, ५.०९ प्रतिशतले इस्लाम, ३.१७ प्रतिशतले किराँत र १.७६ प्रतिशतले क्रिश्चियन धर्म मान्ने गरेको पाइएको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**बटेश्वर गाउँपालिका**

**बटेश्वर, धनुषा**

# नागरिकता विधेयक प्रमाणीकरण गरेर राष्ट्रपतिबाट संविधानको संरक्षण भयो : कांग्रेस

खबर दर्पण समाचारदाता

**जेठ २० गते, काठमाडौं**

नेपाली कांग्रेसले नागरिकता विधेयक प्रमाणीकरण गरेर राष्ट्रपति रामचन्द्र पौडेलले संसद् र संविधानको सम्मान तथा संरक्षण गरेको जनाएको छ।

संसद्ले सबै प्रक्रिया पूरा गरेर पारित र प्रमाणित गरी दोस्रो पटक प्रस्तुत गरेको विधेयक संविधानको धारा ११३ को उपधारा (४) बमोजिम प्रमाणीकरण गर्न पर्ने संवैधानिक प्रावधानलाई तत्कालीन राष्ट्रपतिले बेवास्ता गरेर अलपत्रमा पारेको कांग्रेसको टिप्पणी छ।

सो विधेयकलाई संविधानको सोही धाराबमोजिम प्रमाणीकरण गरेर वर्तमान राष्ट्रपतिले संसद्को सार्वभौमिकताको रक्षा र संविधानको संरक्षण गर्ने संवैधानिक कर्तव्य पूरा गर्नुका साथै संवैधानिक सङ्कट टार्दै राष्ट्रिय एकताको रक्षासमेत गरेको कांग्रेसले आज विज्ञप्तिमार्फत स्पष्ट पारेको छ।

कांग्रेसको सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले आज विज्ञप्तिमार्फत संसद्को दुवै सदनबाट दुई पटक पारित भई प्रमाणीकरणका लागि पठाइएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको संशोधन), २०७९ का सम्बन्धमा दुष्प्रचार र संविधानको अपव्याख्या गरिएको भन्दै ध्यानाकर्षण भएको उल्लेख गरेका छन्।

'विधेयकमै संविधानको धारा ११३ (४) बमोजिम प्रमाणीकरण गर्न र ष्ट्रपतिलाई सुझाई सबै प्रक्रिया पूरा गरी आएको विधेयक जस्ताको त्यस्तै प्रमाणीकरण गरिएको स्पष्ट विषयको आफू खुसी अर्थ लगाई जनतामा भ्रम फैलाउन खोजिएको कुराले संवैधानिक पथमा बाधा उत्पन्न गर्दछ', विज्ञप्तिमा उल्लेख छ।

लामो समयदेखि विद्यमान रहेको नागरिकता समस्याको समाधान गर `र लाखौं पीडित नागरिकको पीडामा मलम लगाउने काम भएको कांग्रेसको भनाइ छ। आफ्नो सबै प्रक्रिया पूरा गरी संसद्ले राष्ट्रपति कार्यालयमा प्रस्तुत गरिसकेको विधेयकलाई फेरि संसदै फिर्ता गर्न संविधानमा कुनै व्यवस्था नभएको उल्लेख गर्दै प्रमुख विश्वकर्माले त्यसैले संसदै फिर्ता गर्नु हास्यास्पद कुरा हुने जनाएका छन्।

संसद् अविच्छिन्न उत्तराधिकार भएको संस्था भएको र अघिल्लो संसद्को बहुमतले उक्त विधेयक पारित गरेको उल्लेख गर्दै उनले संवैधानिक प्रक्रिया पूरा गरिसकेको विधेयक नयाँ राष्ट्रपतिलाई 'विधेयक यहाँ छ' भनेर कसैले सम्झाइदिनुपर्थ्यो, मन्त्रिपरिषदले सम्झाइदिएको मात्र बताए।

'कसले सम्झायो र कुन समय पारेर प्रमाणीकरण गऱ्यो भन्ने कुरा अर्थहीन हो। यसले त हाम्रो राष्ट्रिय आत्मविश्वासलाई कमजोर र दिग्भ्रमित मात्रै गर्छ। देशमा कानून सबैलाई समानरूपमा लागु हुनुपर्छ र सबैले समानरूपमा न्याय पाउनु पर्छ। ज

यान मुद्दामा सजाय पाएका बालकृष्ण ढुंगेललाई एकदिन पनि सजाय नकाटी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले आममाफी दिँदा सञ्चो मानेर बस्नेहरू आफू घटनामा उपस्थित नै नरहेको र केवल उत्पीडन र विभेदमा परेका थारु समुदायको अधिकारको आवाजको नेतृत्व मात्र गरेका रेशम चौधरीलाई सबै राजनीतिक दलको मागअनुसार मन्त्रिपरिषद्को सिफारिसमा बाँकी कैद मिनाहा गरी माफी दिँदा राष्ट्रपति संस्थामाथि नै आक्षेप लगाउँदै हल्ला मच्चाउनु कति उपयुक्त हो? सत्तामा हुँदा र सत्ताबाहिर रहँदा फेरिने धारणा, मत र अभिव्यक्ति दल र दलका नेताहरूकै विश्वसनियता कमजोर बनाउने कुरामा सबैको ध्यान पुग्नु जरुरी छ', विज्ञप्तिमा उल्लेख छ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा